# १२ कोरोना नियन्त्रण तथा खोप व्यवस्थापन

## कोरोना भाइरस

आनुवंशिक संरचनामा आरएनए (RNA) भएका भाइरस अर्थात् विषाणुको एउटा समूहलाई वैज्ञानिकहरूले कोरोनाभाइरस (Corona virus) नामकरण गरेका थिए। सन् २०१९ को डिसेम्बरमा चीनको वुहाननजिकै पशुपक्षी व्यापार हुने एउटा बजारमा पहिलो पटक यसको सङ्क्रमण देखिएको उक्त भाइरस केही महिनामै विश्वभरि फैलियो। उक्त भाइरसको वैज्ञानिक नाम सार्स-कोभ-२ (Sars-CoV-२) हो।सङ्क्रमणबाट हुने रोगलाई कोभिड-१९ (Covid-१९) भनिन्छ।कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नेपालमा पहिलोपटक माघ १० (जनवरी २४) मा पुष्टि भएको थियो।चीनको वुहान युनिभर्सिटीमा पीएचडी अध्ययनरत ३२ वर्षीय पुरुषमा नेपालमा पहिलोपटक कोरोना पोजिटिभ देखिएको थियो।

## कोरोना भाइरस सङ्क्रमण

कोरोनाभाइरस नाक र मुखबाट मानिसको शरीरमा प्रवेश गर्छ। सङ्क्रमित व्यक्तिको संसर्गमा आउने अरू मानिसलाई उक्त भाइरस सर्न सक्छ। सङ्क्रमित व्यक्तिले खोक्दा वा हाच्छ्युँ गर्दा नाक र मुखबाट निस्किएका ससाना छिटामा कोरोनाभाइरस हुन्छन्। उनीहरूको नजिकमा बस्ने मानिसको शरीरमा भाइरस छिर्न सक्छ। सङ्क्रमित व्यक्तिले सरसामान वा सतह छोएर हात नधोई आफ्नो अनुहार छुँदा कोरोनाभाइरस शरीरमा छिर्न सक्छ। भाइरसले पहिला घाँटी, सासनली र फोक्सोका कोषलाई आक्रमण गर्छ। बिस्तारै ती अङ्गलाई कोरोनाभाइरसहरूले आफ्नो नियन्त्रणमा लिएर आफ्नो सङ्ख्या वृद्धि गर्न थाल्छन् र गम्भीर असर पुऱ्याउन सक्छन्।

## कोरोना भाइरस सङ्क्रमणको पहिचान

ज्वरो आउनु र सुक्खा खोकी लाग्नु कोरोनाभाइरस सङ्क्रमण भएपछि लाग्ने रोग कोभिड-१९ का मुख्य लक्षण हुन्।केही बिरामीमा घाँटी दुख्ने, टाउको दुख्ने र पखाला लाग्ने गरेको पनि पाइएको छ। केही बिरामीमा घ्राणशक्ति अर्थात् सुँघ्ने क्षमता पनि शिथिल भएको पाइएको छ।केही मानिसहरूलाई सङ्क्रमण भए पनि कुनै गम्भीर लक्षण देखिँदैन तर उनीहरूले थाहै नपाई अरूलाई भाइरस सारिदिन सक्छन्।

## कोभिड-१९ को उपचार

अहिलेसम्म कोरोना भाइरसका कारण लाग्ने रोग कोभिड-१९ को उपचार गर्न वा उक्त भाइरस हुन नदिने कुनै औषधि बनेको छैन।अन्य जीवाणुको उपचारका लागि बनाइएका एन्टीबायोटिकले भाइरसलाई मार्न सक्दैनन्। हाल यसको नियन्त्रण तथा रोकथामका लागि विश्वमा विश्व स्वास्थ्य

संगठनको पहलमा विभिन्न खोपहरु प्रदान गरिएको छ। हाल नियमित रुपमा र आबश्यकता अनुशार प्रदेश सरकारले खोप प्रदान गरिरहेको छ।

## कोरोना भाइरसबाट सुरक्षित हुने उपायहरु

- विश्व स्वास्थ्य सङ्गठनका अनुसार कोरोना भाइरसबाट जोगिन सबैभन्दा महत्त्वपूर्ण र आधारभूत उपाय भनेको सरसफाइ नै हो।
- नियमित रूपमा साबुनपानीले हात धुने वा गुणस्तरीय स्यानिटाईजरको प्रयोग गर्ने। यसो गर्दा हातमा भएका भाइरसहरू मर्छन्।
- नाक, मुख र आँखा नछुने। किनभने हातले दूषित ठाउँ छोएको हुन सक्छ अनि हात नधोई अनुहार छुँदा भाइरस शरीरभित्र छिर्न सक्छ।
- खोक्दा वा हाछ्युँ गर्दा सफा रुमाल वा टिशूले नाक र मुख छोप्ने अथवा हात उचालेर कुहिनोले ढाक्ने। त्यसो गर्दा भाइरस फैलिन पाउँदैन।
- दूषित रुमाल र टिशू सुरक्षित रूपमा तुरुन्त फाल्ने। त्यसो गर्दा भाइरसयुक्त छिटाबाट अरू मानिसलाई जोखिम हुँदैन।
- एकअर्काबाट दुई मिटरको दूरीमा बस्ने। त्यसो गर्दा एक व्यक्तिमा भएका भाइरस अर्कोमा सजिलै पुग्न सक्दैनन्। ·भिडभाडमा नजाने। सकेसम्म घरमै बस्ने। त्यसो गर्दा भाइरस फैलिने सम्भावना कम हुन्छ।
- बाहिर जाँदा वा अरू व्यक्तिलाई भेट्दा हात नमिलाउने आदि उपायहरु अवलम्वन गर्ने।

## नेपालमा कोभिड-१९ विरुद्दको खोप अभियानमा प्रयोग भएका खोपहरु

- कोभिसिल्ड खोप
- भेरोसिल खोप
- जोनसोन एण्ड जोनसोन खोप
- AstraZeneca COVID-19 vaccine
- Pfizer- BioNTech COVID-19 Vaccine

## प्रमुख उपलब्धि

- कोरोनाको ब्यबस्थापनमा संघिय सरकार र सबै स्थानीय तहको महत्वपूर्ण सहभागिता रहेको ।
- सबै अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा हेल्थडेस्क र फिभर किल्निकको स्थापना तथा संचालन गरिएको ।
- अस्पतालहरुमा हाल उपचाररत कोभिड संक्रमितको संख्या न्युन रहेको।
- प्रदेशका ५ बर्ष भन्दा माथिका सबै नागरिकले खोप प्राप्त गरिसकेका छन् ।
- हालमा पनि PCR प्रविधिद्वारा आबश्यकता अनुसार नमूना परिक्षण भैरहेको छ ।

- कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा ब्यबस्थापनका लागि प्रदेश तहदेखि स्थानीय तहसम्म विभिन्न संयन्त्र गठन भएको।
- गण्डकी प्रदेशले प्रयोगशाला व्यवस्थापन सम्बन्धि र विरामीको उपचार सम्बन्धि Standard Operating Procedures (SOPs) विकास गरि कार्यन्वयन गरिएको।
- गण्डकी प्रदेशभरि आयुर्बेद केन्द्रबाट नियमित गृहभेट, परामर्श सेवा तथा औषधि उपचार सेवा प्रदान गरिएको ।
- नियमित रुपमा बैठक संचालन भएको ।
- हालसम्म गण्डकी प्रदेशमा सबै नागरिकहरुले कोरोना बिरुद्धको खोप लगाएका छन् ।

## आबश्यकता अनुसार कोभिड बेडको अवस्था

तालिका नं. १ कोभिड बेडको अवस्था

| क्र.स. | विवरण | बेड संख्या | कैफियत |
|---|---|---|---|
| १ | कोभिड आइसोलेसन बेड | ५८८ | |
| २ | आइ.सी.यु | २२० | |
| ३ | भेन्टिलेटर बेड | ९२ | |
| ४ | HDU बेड | ४४९ | |
| | जम्मा | १३४९ | |

## कोभिड ब्यबस्थापन सम्बन्धि सम्पन्न भएका तालिम

- केस ब्यबस्थापन
- संक्रमण रोकथाम
- एम्बुलेन्स चालकका लागि तालिम
- द्रुत प्रतिकार्य टोली (RRT)

## कोभिड खोप ब्यबस्थापनका समस्या तथा समाधानका उपायाहरु

तालिका नं. २ कोभिड खोप व्यवस्थापनका समस्या तथा समाधानका उपायहरु

| खोपका समस्याहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| स्थानीय कोल्डचेन प्रणालीको विकास नभएको | स्थानीयस्तरमा कोल्डस्टोरको स्थापना गर्नुपर्ने | स्वास्थ्य आपूर्ति ब्यबस्थापन केन्द्र |
| | नियमित रुपमा भौतिक गणना गरी जिन्सी अभिलेंख दुरुस्त राख्ने। | स्वास्थ्य कार्यालय |
| पुर्ण खोप सुनिश्चचितता गर्न नसक्नु | खोप लगाउने सबै उमेर समूहलाई सेवा उपलव्ध गर्ने योजना तयार गरि पुर्णखोप सुनिश्चिचित गर्ने। | स्वास्थ्य निर्देशनालय |
| | स्थानीय तहवाट खोप कार्यक्रमको अपनत्व लिने वातावरण निर्माण गर्ने। | स्वास्थ्य कार्यालय |
| | खोप लगाउन छुटेका व्यक्तिलाई missed opportunity को रुपमा खोप दिने। | स्वास्थ्य कार्यालय |
| केन्द्रको निर्देशन अनुसार कार्यक्रम गर्नुपर्ने | खोप र खोपजन्य सामाग्रीको आपुर्ति व्यवस्थापनमा सहजता नभएको | स्वास्थ्य निर्देशनालय |
| | लक्षित समुह निर्धारणमा केन्द्रको निर्देशन पर्खनुपर्ने अवस्था। | स्वास्थ्य कार्यालय |